मिति २०८२ साल पौष महिनाको २८ गते सोमबारको दिन यस जुगल गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री रेशम स्याङ्वोज्यूको अध्यक्षता र देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरी सम्पन्न गरियो।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रेशम स्याङ्वो (गा.पा. अध्यक्ष) | अध्यक्ष | |
| २. | श्री हिमाल कुमार श्रेष्ठ (गा.पा. उपाध्यक्ष) | उपाध्यक्ष | |
| ३. | श्री जनक बहादुर तामाङ (१ नं वडा अध्यक्ष) | सदस्य | |
| ४. | श्री चन्द्रकाजी लामा (२ नं वडा अध्यक्ष) | सदस्य | |
| ५. | श्री लक्ष्मान लामा दोङ (३ नं वडा अध्यक्ष) | सदस्य | |
| ६. | श्री प्रेम तामाङ (४ नं वडा अध्यक्ष) | सदस्य | |
| ७. | श्री रविन्द्र घिमिरे (५ नं वडा अध्यक्ष) | सदस्य | |
| ८. | श्री टंक तामाङ (६ नं वडा अध्यक्ष) | सदस्य | |
| ९. | श्री रवि तामाङ (७ नं वडा अध्यक्ष) | सदस्य | |
| १०. | श्री सुनमाया सुनार | सदस्य | |
| ११. | श्री हेलामो तामाङ | सदस्य | |
| १२. | श्री सञ्जु नेपाली | सदस्य | |
| १३. | श्री दावा सिङ्वो शेर्पा | सदस्य | |
| १४. | श्री माया वि.क. | सदस्य | |
| १५. | श्री कविता माया श्रेष्ठ | सदस्य | |
| १६. | श्री गौरवराज के सी | सदस्य सचिव | |

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प्रस्तावहरु

१. आ. ब. २०८२/०८३ को लागि संघीय समपूरक र विशेष अनुदानका योजनाहरुको माग सम्बन्धमा ।

२. स्लेट/फुटे ढुङ्गाको प्रारम्भिक वातावरणीय प्रतिवेदन, २०८२ स्वीकृत गर्ने सम्बन्धमा ।

३. जुगल गाउँपालिका क्षेत्र भित्रका निजी जग्गामा उत्खनन् तथा संकलन गरिएको स्लेट ढुङ्गा निकासी ढुवानी सम्बन्धमा ।

४. घ वर्ग इजाजत पत्र नवीकरण गर्ने सम्बन्धमा ।

५. पर्यटनसँग सम्बन्धित विषयहरुको छलफल सम्बन्धमा ।

६. अध्ययन अवलोकन भ्रमण सञ्चालन गर्ने सम्बन्धमा ।

७. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

८. ओम ब्रह्म तिर्थ चारधामको DPR सम्बन्धमा ।

९. मासिक आय/व्यय विवरणमाथि छलफल सम्बन्धमा ।

१०. विविध ।

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वराम्ची, सिन्धुपाल्चोक
वागमती प्रदेश, नेपाल
२०७३

१. निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि संघीय समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजनाहरुको लागि राष्ट्रिय योजना आयोगबाट प्रस्ताव आव्हानसम्बन्धी सूचना जारी गरेको सन्दर्भममा उल्लेखित सूचना बमोजिम यस गाउँपालिकाका तपशिलका योजनाहरु संघीय समपुरक र विशेष अनुदान तर्फ प्राथमिकताका आधारमा माग गर्ने निर्णय गरियो ।

**संघीय समपुरक अनुदान तर्फ माग गर्ने योजनाहरु**

| प्रा क्र | योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | चनौटे झिरगाउँ वाङगुजे सडक स्तरोन्नती | रु. २ करोड |
| २ | बगर नाम्फा सञ्चगाँउ सडक स्तरोन्नती | गत आ. ब. क्रमागत |

**संघीय विशेष अनुदान तर्फ माग गर्ने योजनाहरु**

| प्रा क्र | योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | गोल्चे बगर नदी नियन्त्रण | रु. ३ करोड |
| २ | घुङ्गावेशी सुनखोला पहिरो नियन्त्रण | गत आ. ब. क्रमागत |

२. निर्णय नं २

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाका १ देखि ७ वटा वडाका विभिन्न क्षेत्र तथा ठाउँहरुमा व्यक्तिगत निजी जग्गामा उत्खनन् तथा संकलन हुने स्लेट ढुङ्गालाई व्यवस्थित तथा वातावरणमैत्री ढङ्गले उत्खनन् तथा संकलन कार्य गर्नका लागि पिस कन्स्ट्रक्सन प्रा.लि. द्धारा तयार पारिएको जुगल गाउँपालिकाको स्लेट फुटे ढुङ्गा सम्बन्धी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

३. निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाको क्षेत्र भित्रका विभिन्न ठाउँहरुबाट उत्खनन् तथा संकलन गरिएको स्लेट/फुटे ढुङगा निकासी गनुपर्ने भएको र उक्त स्लेट/फुटे ढुङगा निकासी गर्न तपशिल बमोजिमको मापदण्ड अनुसार निकासी (ढुवानी) गर्ने निर्णय गरियो।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१. दरपिठ गर्ने कर्मचारीको नाम कर्मचारीको काम कर्तव्य, सुरक्षा तथा सेवा सुबिधाः

क) जुगल गाउँपालिका वडा नं. ५ ढाडे बजारमा दरपिट गर्ने कार्य कक्षको स्थापना गरी दैनिक बेलुका ५ बजे देखि साँझ ११ वजे सम्म गाडीहरु चेकजाँच, स्लेट/फुटे ढुङगाको परिमाण एकीन तथा निकासी पत्रमा सहि छाप गरी पठाउने।

ख) दरपिठ गर्ने कर्मचारीको सुरक्षाका लागि इलाका प्रहरी कार्यालय जलविरेबाट प्रहरी खटाउने व्यवस्था गर्ने।

ग) दरपिठ कार्यमा संलग्न कर्मचारीलाई प्रति दिनको रु.१,०००.०० का दरले पारिश्रमिक र रु.३००.०० का दरले खाना खाजा उपलब्ध गराउने।

घ) दरपिठ कार्यमा खटाउने कर्मचारीहरु श्री सुजन काफ्ले (सव इन्जिनियर), श्री लाल बहादुर बयक (ना.प्रा.स.)।

२) व्यवसायीहरुले पालना गनुपर्ने शर्तहरु

क) दरपिठ गर्ने कर्मचारीहरुलाई कुनै पनि प्रकारको हिंसा, दुर्व्यवहार तथा हातपात गर्न नहुने। यदि यस्तो कार्य गरेमा कानुन बमोजिमको सजाय हुने व्यवस्था गर्ने।

ख) जुगल गाउँपालिका वडा नं. ५ ढाडे बजारमा रहेको दरपिठ गर्ने कार्य कक्षमा दैनिक बेलुका ५ बजे देखि साँझ ११ वजे सम्म गाडीहरु चेकजाँच, स्लेट/फुटे ढुङगाको परिमाण एकीन तथा निकासी पत्रमा सहि छाप गराईसक्नु पर्ने।

४. निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस जुगल गाउँपालिकामा दर्ता भई गत आ.व.मा विविध कारणबस नविकरण छुट भएका 'घ' वर्ग ठेक्का इजाजत पत्रहरुलाई उद्योग तथा वाणिज्य कार्यालय वा कम्पनी रजिष्ट्ररको कार्यालयबाट नविकरण भएको र कर चुक्ता कागजात संलग्न गरी आ.ब.२०८२/०८३ को आर्थिक ऐन,२०८२ को दफा ४ को अनुसूचि ३ बमोजिम जरिवाना र विलम्ब शुल्क लिई महाविर कन्स्ट्रक्सनलाई नविकरण गर्ने निर्णय गरियो।

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

५. निर्णय नं ५

- सेवाहरूको मूल्य निर्धारण सम्बन्धी व्यवस्था

यस जुगल गाउँपालिका क्षेत्रभित्र पर्ने जुगल हिमाल बेस क्याम्प, विभिन्न पर्यटकीय पदमार्ग तथा प्रमुख पर्यटकीय स्थलहरूमा भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई प्रदान गरिने सेवामा एकरूपता ल्याउन, पर्यटकहरूलाई ठगिन नदिन र पर्यटन सेवालाई व्यवस्थित बनाउन आवश्यक देखिएको छ। साथै, स्थानीय स्तरमा सञ्चालित होटल, लज, होमस्टे (सामुदायिक तथा निजी) र यातायातका साधनहरूको सेवा शुल्कलाई पारदर्शी बनाई स्थानीय बासिन्दाको आयआर्जनलाई दिगो र मर्यादित बनाउनु अपरिहार्य रहेको छ।

यस सम्बन्धी पूर्व निर्णय र तयारी बमोजिम गाउँपालिकाका पर्यटन व्यवसायी, स्थानीय जनप्रतिनिधि, उपभोक्ता प्रतिनिधि तथा सरोकारवालाहरूसँग विस्तृत छलफल, विमर्श र आपसी सहमतिमा तयार पारिएको "खाना, बास तथा यातायात सेवाको न्यूनतम तथा अधिकतम मूल्य सूची (रेट लिस्ट)" यसै निर्णयसाथ संलग्न राखी स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो।

- पर्यटक र व्यवस्थापक कम्पनीले पालना गर्नुपर्ने नियमहरू

जुगल हिमाल आरोहणका लागि आउने विदेशी तथा स्वदेशी पर्यटकहरू, पदयात्री तथा हिमाल आरोहीहरु र उनीहरूको सम्पूर्ण व्यवस्थापन गर्ने ट्रेकिङ तथा हिमाल आरोहण व्यवस्थापक कम्पनीहरू (एजेन्सी) ले अनिवार्य रूपमा देहायका आचारसंहिता र नियम पालना गर्नुपर्ने र उनीहरुबाट तपशिल बमोजिमको शुल्क लिने निर्णय गरियो ।

**पर्यटकका लागिः** दर्ता, अनुमतिपत्र (Permit) लिने. वातावरणीय र सांस्कृतिक संवेदनशीलता कायम गर्ने, स्थानीय सम्पत्तिको संरक्षण गर्ने, तोकिएका पदमार्ग मात्र प्रयोग गर्ने।

**व्यवस्थापक कम्पनीका लागिः** दर्ता भएको सुनिश्चितता, गाइड/भरियाको बीमा र न्यूनतम पारिश्रमिकको व्यवस्था, तोकिएको शुल्क र कर भुक्तानी, उद्धार योजना (Rescue Plan) को अनिवार्यता. पर्यटक संख्याको विवरण पेस गर्ने। साथै पर्यटकहरुको लागि सहयोगी तथा

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

भरियाहरुलाई सम्बन्धित कम्पनी तथा व्यक्तिले आवश्यक तथा सुरक्षा सामाग्री(ट्रेकिङ जुत्ता, ज्याकेट, ट्राउजर, क्रयाम्पोन्ज ,आदि ) उपलब्ध गराउनुपर्ने ।

पर्यटक तथा व्यवस्थापक कम्पनीले कम्पनीको र पर्यटकको भिषा सहितको राहदानी, इन्श्युरेन्स, अनुमति पत्र र प्रयोग गरिने सम्पूर्ण सामाग्रीहरुको पूर्व सूचना गाउँपालिकामा गर्नुपर्नेछ ।

- **फोहोरमैला व्यवस्थापन सिफारिस शुल्क र धरौटी सम्बन्धी व्यवस्था**

यस जुगल गाउँपालिका क्षेत्रभित्र पर्ने जुगल हिमाल आरोहणका क्रममा पर्वतारोहीहरूबाट सिर्जना हुने फोहोरमैलाका कारण हिमाली पर्यावरण र सुन्दरतामा पर्न सक्ने नकारात्मक असरलाई रोक्न फोहोरमैला व्यवस्थापन कार्यलाई पूर्ण रूपमा व्यवस्थित, जवाफदेही र पारदर्शी बनाउन आवश्यक देखिएको छ।

अतः जुगल हिमाल आरोहण गर्ने आन्तरिक तथा बाह्य आरोही दलहरूका लागि चालू आर्थिक वर्षदेखि नै लागू हुने गरी देहाय बमोजिमको कार्य गर्न/गराउन गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो:

<u>सामग्रीको सूची बुझाउनुपर्ने:</u> हिमाल आरोहणमा जाने प्रत्येक आरोही वा आरोहण दलले आफूले आरोहणका क्रममा प्रयोग गर्ने र फोहोर हुन सक्ने सामग्रीहरू (जस्तै: ग्यास सिलिन्डर, प्लास्टिक, बट्टा, क्यान, खाद्य सामग्री आदि) को परिमाण सहितको विवरण/सूची (Inventory List) आरोहणमा जानु अगावै अनिवार्य रूपमा गाउँपालिकाको पर्यटन शाखामा बुझाउनुपर्नेछ।

<u>Garbage सिफारिस र शुल्क:</u> सामग्रीको सूची बुझाएपछि गाउँपालिकाले सम्बन्धित स्थानमा फोहोरको उचित व्यवस्थापन गर्ने सम्बन्धी "Garbage सिफारिस पत्र" जारी गर्नेछ। उक्त सिफारिस पत्र बापत प्रति आरोही (Per Climber) रु. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) सिफारिस शुल्क लाग्नेछ।

<u>**फोहोरमैला धरौटी (Garbage Deposit Fee):**</u> आरोहणमा जानु पूर्व प्रत्येक आरोहण दल वा आरोहीले गाउँपालिकाले तोके बमोजिमको फोहोरमैला धरौटी रकम (Garbage Deposit Fee) गाउँपालिकाको धरौटी खातामा अनिवार्य रूपमा जम्मा गर्नुपर्नेछ। आरोहण सम्पन्न गरी फर्केपछि आरोहीहरूले आफूले लगेका सामग्रीहरूको फोहोर तोकिएको स्थानमा उचित व्यवस्थापन गरेको प्रमाण (सम्बन्धित बेसक्याम्प प्रतिनिधि वा एजेन्सीको प्रतिवेदन) र फर्किएको सामग्रीको सूची गाउँपालिकामा पेस गर्नुपर्नेछ। सोको प्राविधिक जाँच र पुष्टि भए पश्चात मात्र जम्मा गरिएको धरौटी रकम (Deposit Fee) फिर्ता (Refund) गरिनेछ। तोकिएको मापदण्ड पालना नगरेमा

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

र फोहोर जथाभावी छोडेमा उक्त धरौटी रकम जफत गरी फोहोर व्यवस्थापन कोषमा जम्मा गरिनेछ।

### ६. निर्णय नं ६

यस गाउँपालिकाको स्वीकृत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम अन्तर्गत "जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम तथा अध्ययन अवलोकन भ्रमण" शीर्षकमा विनियोजित बजेटको लक्ष्य र उद्देश्य बमोजिम; गाउँपालिकाका जनप्रतिनिधिहरू र स्थानीय न्यायिक समिति अन्तर्गतका मेलमिलापकर्ताहरूको कार्यक्षमता विकास, संस्थागत सुदृढीकरण तथा न्यायिक सम्पादनलाई थप सुदृढ बनाउन अन्य उत्कृष्ट कार्य गरिरहेका स्थानीय तहहरूले अपनाएका सफल रणनीति, विकासका नमुना र स्थानीय विवाद समाधानका नवीन अभ्यासहरू प्रत्यक्ष रूपमा अवलोकन गरी सिकाई आदानप्रदान गर्न सान्दर्भिक देखिएको हुँदा उक्त स्वीकृत शीर्षकको बजेट व्यवस्थापनबाट खर्च ब्यहोर्ने गरी यस गाउँपालिकाका जनप्रतिनिधिहरू र मेलमिलापकर्ताहरूको संयुक्त टोलीलाई अन्य सफल/उत्कृष्ट स्थानीय तहहरूमा "असल अभ्यास आदानप्रदान तथा अध्ययन अवलोकन भ्रमण" मा पठाउने निर्णय गरियो।

### ७. निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाँउ कार्यपालिकाको कार्यालय तथा मातहतमा सेवारत करार तथा ज्यालादारी कर्मचारीहरु सरसफाई कर्मचारीहरुको आचरण र कार्यसम्पादन सन्तोषजन रहेकोले सेवा करारको म्याद २०८२ साल माघ १ गतेदेखि २०८३ साल असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**कार्यरत सेवा करारका कर्मचारीहरु**

| क्र.सं. | नाम थर | तह | पद | कार्यालय | पारिश्रमिक |
|---|---|---|---|---|---|
| 1. | विनोद गौतम | सातौं | सूचना प्रविधि अधिकृत | जुगल गाउँपालिका | ४५,८५१।- |
| 2. | सुनिल तामाङ | छैठौं | ईन्जिनियर | | ४३,६८९।- |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| 3. | सन्तोष नेपाल | " | रोजगार संयोजक | | ४३,६८९।- (स्थानीय भत्ता रु. ३,२१०) |
| 4. | सुजन काफ्ले | पाँचौ | सब-ईन्जिनियर | | ३४,७३०।- |
| 5. | मनिता तामाङ | पाँचौ | रोजगार सहायक | | ३४,७३०।- |
| 6. | सुलोचना दाहाल | पाँचौ | नेत्र सहायक | | ३४,७३०।- |
| 7. | रमा कार्की | पाँचौ | उद्यम विकास सहजकर्ता | जुगल गाउँपालिका | ३४,७३०।- |
| 8. | लाल बहादुर बयक | चौथो | ना.प्रा.स. कृषि | | ३२,९०२।- |
| 9. | नारायण पराजुली | चौथो | अमिन | जुगल गाउँपालिका | ३२,९०२।- |
| 10. | जुना श्रेष्ठ | चौथो | पोषण सहजकर्ता | | ३२,९०२।- |
| 11. | अच्युत अधिकारी | चौथो | फिल्ड सहायक | | ३२,९०२।- |
| 12. | राज अधिकारी | चौथो | ना.प.से.प्रा.(पशु) | जुगल गाउँपालिका | ३२,९०२।- |
| 13. | अञ्जु सापकोटा | चौथो | उद्यम विकास सहजकर्ता | | ३२,९०२।- |
| 14. | रमेश तामाङ | प्रथम स्तर | हेभी सवारी चालक | जुगल गाउँपालिका | २९,७२८।- |
| 15. | हरि बहादुर खत्री | प्रथम स्तर | हलुका सवारी चालक | | २७,६१२।- |
| 16. | अर्जुन बहादुर मगर | प्रथम स्तर | " | जुगल गाउँपालिका | २७,६१२।- |
| 17. | सुनिल तामाङ | प्रथम स्तर | " | | २७,६१२।- |
| 18. | गोबिन्द ढकाल | प्रथम स्तर | " | | २७,६१२।- |
| 19. | प्रकाश वि.क. | श्रेणी विहिन | स्काइभेटर सहयोगी (ज्यालादारी) | | ९१० (दैनिक) |
| 20. | रेशम सुन्दास | श्रेणी विहिन | खेल प्रशिक्षक | जुगल गाउँपालिका | २४,७०२।- |
| 21. | विपि लाल लामा | प्रथम स्तर | कार्यालय सहयोगी | जुगल गाउँपालिका | २४,७०२।- |
| 22. | सुकदेव पौडेल | प्रथम स्तर | कार्यालय सहयोगी | जुगल गाउँपालिका | २४,७०२।- |
| 23. | सुस्मिता मगर | श्रेणी विहिन | कार्यालय सहयोगी (ज्यालादारी) | जुगल गाउँपालिका | ९१० (दैनिक) |

गौरवराज के सी

| | | | | | |
|---|---|---|---|---|---|
| 24. | सानु नेपाली | श्रेणी विहिन | कार्यालय सहयोगी (ज्यालादारी) | जुगल गाउँपालिका | ९१० (दैनिक) |
| 25. | सितादेवि वराल | श्रेणी विहिन | कार्यालय सहयोगी (ज्यालादारी) | जुगल गाउँपालिका | ९१० (दैनिक) |
| 26. | रुपा पौडेल | श्रेणी विहिन | कार्यालय सहयोगी (ज्यालादारी) | जुगल गाउँपालिका | ९१० (दैनिक) |
| 27. | गोविन्द बहादुर श्रेष्ठ | श्रेणी विहिन | कार्यालय सहयोगी (बिहानी सत्र) | जुगल गाउँपालिका | १०००० (मासिक) |
| 28. | भक्त कुमारी कामी | श्रेणी विहिन | कार्यालय सहयोगी (बिहानी सत्र) | जुगल गाउँपालिका | १०००० (मासिक) |
| | | | | | |
| 29. | क्षेत्र विक्रम थापा | चौथो | वडा सचिव | जुगल १ सेलाङ | ३२,९०२।- |
| 30. | सुप्रिम लामा | चौथो | प्राविधिक | | ३२,९०२।- |
| 31. | ज्ञानेन्द्र विक्रम सिलवाल | प्रथम स्तर | का.स. | | २४,७०२।- |
| 32. | झलक बहादुर राना | चौथो | ना.प्रा.स | जुगल -२, गोल्चे | ३२,९०२।- |
| 33. | प्रबिन भट्टराई | श्रेणी विहिन | का.स.(ज्यालादारी) | | ९१० (दैनिक) |
| 34. | सुब्बा तामाङ | चौथो | वडा सचिव | जुगल-३, गुम्बा | ३२,९०२।- |

८. निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाँउ कार्यपालिकाको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय विकासको प्रवर्द्धन गर्ने, आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्ने र स्थानीय स्तरमा आर्थिक गतिविधी बढाउने प्रमुख गन्तव्यको रूपमा **"ओम ब्रह्म तीर्थ चारधाम"** को विकास तथा सौन्दर्यकरण गर्नुपर्ने आवश्यकता छ। उक्त स्थलको व्यवस्थित भौतिक पूर्वाधार निर्माण, गुरुयोजना कार्यान्वयन तथा चरणबद्ध विकासका लागि इन्जिनियरिङ डिजाइन, लागत अनुमान, नक्साङ्कन र वातावरणीय पक्ष समेटिएको विस्तृत परियोजना प्रतिवेदन (**DPR**) तयार गर्नुपर्ने

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

भएकोले परामर्श सेवा खरिद गर्ने प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

९. निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाँउपालिकाको आ. ब .२०८२/०८३ को विनियोजित नीति तथा कार्यक्रम, योजना र बजेट मंसिर महिनाको आय/व्ययको विवरण देहाय बमोजिम रहेको छ ।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

### आय व्ययको बिबरण

FY : २०८२/८३ अवधी : २०८२/०८/०१-२०८२/०८/२९

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | Income(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ३५,४४,५१,०००.०० | ०.०० | ० | ३५,४४,५१,०००.०० |
| १३३११ समानिकरण अनुदान | ११,१३,००,०००.०० | ०.०० | ० | ११,१३,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २०,७८,५१,०००.०० | ०.०० | ० | २०,७८,५१,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | १,९०,००,०००.०० | ०.०० | ० | १,९०,००,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ८९,००,०००.०० | ०.०० | ० | ८९,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६८,००,०००.०० | ०.०० | ० | ६८,००,०००.०० |
| प्रदेश सरकार | ६,७४,४२,०००.०० | ०.०० | ० | ६,७४,४२,०००.०० |
| १३३११ समानिकरण अनुदान | १,१०,२८,०००.०० | ०.०० | ० | १,१०,२८,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १,७१,१४,०००.०० | ०.०० | ० | १,७१,१४,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ७०,००,०००.०० | ०.०० | ० | ७०,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,७३,००,०००.०० | ०.०० | ० | २,७३,००,०००.०० |
| राजस्व बाडफाड | १५,५७,२४,९३९.०० | १,१५,४३,०३७.०३ | ७.४१ | १४,४१,८१,९०१.९७ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ०.०० | ०.०० | ० | ०.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,९४,०७,४७२.०० | ५२,५०,४३७.६८ | ६.६१ | ७,४१,५७,०३४.३२ |
| ११४२१ बाँडफाँड भ्ई प्राप्त हुने अन्त:शुल्क | २,६४,०२,४९१.०० | २०,९५,४४६.३६ | ७.९४ | २,४३,०७,०४४.६४ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,९९,१४,९७६.०० | ४१,९७,१५२.९९ | १०.५२ | ३,५७,१७,८२३.०१ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १,००,००,०००.०० | ०.०० | ० | १,००,००,०००.०० |
| अन्तरिक श्रोत | ६,१०,४४,५७६.१३ | १,६४,२२३.९८ | ०.२७ | ६,०८,८०,३५२.१५ |
| ११३१४ भुमिकर/मालपोत | ९,५०,०००.०० | ५९,८४०.३६ | ६.३ | ८,९०,१५९.६४ |
| ११३१७ वहाल कर | २,५०,०००.०० | ६१,९९९.८० | २४.८ | १,८८,०००.२० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३,००,०००.०० | ३,५००.०० | १.१७ | २,९६,५००.०० |
| १४२४९ अन्य दस्तुर | ८,००,०००.०० | ३८,८८३.८२ | ४.८६ | ७,६१,११६.१८ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १९,००,०००.०० | ०.०० | ० | १९,००,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ७,००,०००.०० | ०.०० | ० | ७,००,०००.०० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ३८,१२,३३,०१५.१३ | ७०,३५,८१८.०० | १.८५ | ३७,४१,९७,१९७.१३ |
| २११११ पारिश्रमिक कर्मचारी | ४,११,८८,०००.०० | २१,६८,६७४.०० | ५.२७ | ३,९०,१९,३२६.०० |
| २११२१ पोशाक | ८,३०,०००.०० | ०.०० | ० | ८,३०,०००.०० |
| २११२३ औषधीउपचार खर्च | ९,८०,०००.०० | ०.०० | ० | ९,८०,०००.०० |
| २११३१ स्थानीय भत्ता | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| २११३२ महंगी भत्ता | १७,००,०००.०० | ०.०० | ० | १७,००,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ८,००,०००.०० | ६१,५००.०० | ७.६९ | ७,३८,५००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ०.०० | ०.०० | ० | ०.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ६,००,०००.०० | १,१८,५००.०० | १९.७५ | ४,८१,५००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ६४,७२,९६३.०० | ०.०० | ० | ६४,७२,९६३.०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | ५,००,०००.०० | १,२०,३९८.०० | २४.०८ | ३,७९,६०२.०० |
| २२११२ संचार महसुल | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४०,००,०००.०० | ४,०४,३०५.०० | १०.११ | ३५,९५,६९५.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३०,००,०००.०० | ९२,८००.०० | ३.०९ | २९,०७,२००.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५,००,०००.०० | १,७८,८३९.०० | ३५.७७ | ३,२१,१६१.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८,५०,०००.०० | ०.०० | ० | ८,५०,०००.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २२,००,०००.०० | ०.०० | ० | २२,००,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४६,००,०००.०० | ८२,४००.०० | १.७९ | ४५,१७,६००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३४,२०,०००.०० | २,९९,३८०.०० | ८.७५ | ३१,२०,६२०.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ३३,२०,०००.०० | २,१६,०००.०० | ६.५१ | ३१,०४,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | २२,००,०००.०० | ०.०० | ० | २२,००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | १,७०,००,०००.०० | १२,३१,९२२.०० | ७.२५ | १,५७,६८,०७८.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२४१९ अन्य सेवा शुल्क | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

# जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

### आय व्ययको बिवरण

...०८२/८३ अवधी : २०८२/०८/०१-२०८२/०८/२९

**आय**

| | | | | |
|---|---|---|---|---|
| बेरुजु | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| बैंक मौज्दात | ५,६०,४४,५७६.१३ | ०.०० | ० | ५,६०,४४,५७६.१३ |
| जम्मा | ६३,८६,६२,५१५.१३ | १,१७,०७,२६१.०१ | १.८३ | ६२,६९,५५,२५४.१२ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | २,१४,३०,०००.०० | १,४९,५००.०० | ०.७ | २,१२,८०,५००.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | २,३९,९५,०००.०० | ०.०० | ० | २,३९,९५,०००.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२६१२ भ्रमण खर्च | १२,००,०००.०० | ७७,६००.०० | ६.४७ | ११,२२,४००.०० |
| २२६१९ अन्य भ्रमण खर्च | २,१८,०००.०० | ०.०० | ० | २,१८,०००.०० |
| २२७११ विविध खर्च | ४२,२०,०००.०० | ०.०० | ० | ४२,२०,०००.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १९,५५,३५,०००.०० | ८,४५,०००.०० | ०.४३ | १९,४६,९०,०००.०० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | १,३६,७८,०००.०० | ६,८६,७००.०० | ५.०१ | १,२९,९१,३००.०० |
| २७१११ सामाजिक सुरक्षा | ४,००,०००.०० | ६७,६००.०० | १६.८९ | ३,३२,४००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १२,००,०००.०० | १,२४,७००.०० | १०.३९ | १०,७५,३००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १,०९,००,०००.०० | ७५,०००.०० | ०.६९ | १,०८,२५,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ४५,००,०००.०० | ०.०० | ० | ४५,००,०००.०० |
| २७२१९ अन्य सामाजिक सहायता | ६,००,०००.०० | ३५,०००.०० | ५.८३ | ५,६५,०००.०० |
| २८१४२ घरभाडा | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २८२११ राजस्व फिर्ता | १५,६१,०७६.१३ | ०.०० | ० | १५,६१,०७६.१३ |
| २८२१९ अन्य फिर्ता | १२,३४,९७६.०० | ०.०० | ० | १२,३४,९७६.०० |
| पूंजीगत | २५,७४,२९,५००.०० | ३५,६१,९५०.०० | १.३८ | २५,३८,६७,५५०.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ४६,५०,०००.०० | ०.०० | ० | ४६,५०,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३६,००,०००.०० | ०.०० | ० | ३६,००,०००.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४०,००,०००.०० | ०.०० | ० | ४०,००,०००.०० |
| ३११२१ सवारी साधन | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | १७,८०,०००.०० | ९,९५,५००.०० | ५५.९३ | ७,८४,५००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १०,००,०००.०० | ९,९७,०००.०० | ९९.७ | ३,०००.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ७,५०,०००.०० | ०.०० | ० | ७,५०,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | १०,१०,९०,०००.०० | ३,६६,५५०.०० | ०.३६ | १०,०७,२३,४५०.०० |
| ३११५३ विद्युत संरचना निर्माण | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ४४,३०,०००.०० | ०.०० | ० | ४४,३०,०००.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | १,०९,५०,०००.०० | ०.०० | ० | १,०९,५०,०००.०० |

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

## जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

### आय व्ययको बिबरण

२०८२/८३ अवधी : २०८२/०८/०१-२०८२/०८/२९

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११५६ खानेपानी संरचना निर्माण | ४३,६४,०००.०० | ०.०० | ० | ४३,६४,०००.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | १३,५०,०००.०० | ०.०० | ० | १३,५०,०००.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | ११,८२,१५,५००.०० | १२,०२,९००.०० | १.०२ | ११,७०,१२,६००.०० |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| | जम्मा | ६३,८६,६२,५१५.१३ | १,०५,९७,७६८.०० | १.६५ | ६२,८०,६४,७४७.१३ |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१०. विविध

- तामाङ्ग समुदायको महत्वपूर्ण पर्व सोनाम ल्होसार यस गाउँपालिकाको विभिन्न वडामा सञ्चालन गर्नको लागि तपशिल बमोजिमका संस्थाहरुलाई उल्लेखित रकममा नबढ्ने गरी विविध धार्मिक तथा साँस्कृतिक कार्यक्रममा विनियोजित बजेटबाट सहयोग गर्ने निर्णय गरियो ।
    - नेपेमाछेल सामाजिक सेवा समाज रु. १,५०,०००.००
    - ल्होसार व्यवस्थापन समिति वडा नं ४ रु. १,००,०००.००
    - ल्होसार कार्यक्रम वडा नं ७ रु. १,००,०००.००

- योङस्टार क्लब मेलम्चीको आयोजनामा हुन गइरहेको जिल्लास्तरीय अन्तरपालिका भलिबल प्रतियोगितामा जुगल गाउँपालिकाको तर्फबाट एकवटा टिम सहभागि गराउने र उक्त प्रतियोगितामा सहभागि भए बापत रजिष्ट्रेशन शुल्क साथै खेलाडीको खाजा खाना तथा बास बापत बनकालि युवा समाजलाई विविध खेलकुद कार्यक्रम शिर्षकबाट बढिमा रु. ५०,०००.०० भुक्तानी दिने निर्णय गरियो ।

- जुगल गाउँपालिका जलविद्युत कार्यविधि, २०८० निम्मानुसार संशोधन गर्न आवश्यक रहेकोले सो संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| हाल भएको | संशोधन वा थप गर्नु पर्ने | कारण |
|---|---|---|
| दफा ४ को (१क): विद्युत उत्पादनको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्तसाथ रु. २.५ लाख प्रति वर्षका दरले एकमुष्ट रु. ५ लाख अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ । | विद्युत उत्पादनको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्तसाथ रु. ५० हजार एकमुष्ट अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ । | १ मे. वा. भन्दा कमको आयोजनाको सम्बन्धमा संघीय कानूनहरुमा पनि कुनै शुल्क लिने व्यवस्था नरहेको । |

- तामाङ समुदायको महान् सांस्कृतिक पर्व सोनाम ल्होछार को पावन अवसरमा सम्पूर्ण गाउँपालिकाबासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै यस पर्वलाई हर्सोल्लासका साथ मनाउनका लागि आगामी २०८२ माघ ४ गते र ५ गते दुई दिन यस गाउँपालिका क्षेत्रभित्र स्थानीय पर्व बिदा दिने निर्णय गरियो।

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वराम्ची, सिन्धुपाल्चोक
वागमती प्रदेश, नेपाल
२०७३